सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
**प्रदेश नम्बर १, नेपाल**

प. स. :-२०७७/०७८
च. नं. :-

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं. प्रदेश दुहवी, सुनसरी स्था: २०७२

**विषयः विज्ञापन अनुमति रद्द गरिएको सूचना**

यस नगरपालिका अन्तर्गत शारदा आधारभूत विद्यालय दुहवी १२ पुर्वकुशाहामा एक प्राथमिक तहको दृष्टिविहिन अपाङ्ग कोटा रिक्त रहेकोमा यस कार्यालयबाट विज्ञापन गर्न अनुमति दिइएकोमा मिति २०७७।९।२९ गते विज्ञापन प्रकाशन भई ८ जना उम्मेदवारहरुबाट आवेदन परेको र उक्त विज्ञापन बमोजिम मिति २०७७।११।१५ गते शिक्षक छनौट समितिबाट सरस्वती मावि केन्द्रमा पहिलो चरणको प्रतिष्पर्धात्मक परीक्षा समेत सम्पन्न भएकोमा दोस्रो चरणको परीक्षा समेत लगतै सञ्चालन गर्नुपर्नेमा परीक्षा सञ्चालनको मिति समेत सोही दिन तय नगरी ढिलाई गरेको र माघ २४ गते बिहान ८ बजेदेखि दोस्रो चरणको परीक्षा सञ्चालन गर्ने गरी सोही समितिबाटै निर्णय भएको र सो परीक्षा सञ्चालन गर्न तय गरेको मिति माघ २४ गते १० बजेसम्म पनि छनौट समितिका पदाधिकारीहरुमध्ये समितिका अध्यक्ष, प्रअ तथा मनोनित सदस्यहरुको उपस्थिति नरहेकाले सो तोकिएको मितिमा समेत परीक्षा सञ्चालन हुन नसकेको अवस्थामा परीक्षा स्वच्छ र मर्यादित हुन नसक्ने अवस्था देखिएको ठहर गरी दुहवी नगरपालिकाको मिति २०७७।११।२५ गतेको नगरप्रमुखस्तरीय निर्णयानुसार सो पदपूर्तिका लागि विद्यालयलाई दिइएको विज्ञापन अनुमति सहित परीक्षाका सम्पूर्ण कार्यक्रम रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

११।२५

नीलमणी खनाल
... सचिव